राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिका,चैनपुर, मकवानपुर
बैठक संख्या : ०८/२०८२/०८३

मिति : २०८२/११/२९ गते शुक्रवार
समय : दिनको १२:०० बजे

आज मिति २०८२ फागुन २९ गते शुक्रवार दिनको १२:०० बजे गाउँ कार्यपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्युको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.ब. २०८२/०८३ को आठौं बैठक बसी निम्नानुसारको निर्णय गरियो-:

उपस्थिति:

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री वनस्तम थिङ | |
| ३ | सदस्य | श्री वावी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइवा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि वहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम वहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | |
| १६ | सदस्य | श्री सिँहलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री सन्देश मास्के | |

CamScanner

## सम्भावित कार्यसूची
## बैठक संख्या : ८/२०८२/०८३

मिति : २०८२/११/२९ गते शुक्रवार
समय : दिनको १२:०० बजे

राक्सिराङ्ग गाउँपालिकाको अध्यक्ष श्री राजकुमार मल्लज्युको अध्यक्षतामा बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को सातौं बैठकमा छलफलका सम्भावित विषयवस्तुहरु

१. गत बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा।
२. हालसम्मको आय व्यय विवरण सम्वन्धमा।
३. गाउँपालिकाको विपद् व्यवस्थापन कार्यविधि, २०८२।
४. गाउँपालिकाको शिक्षा सम्बन्धि संघीय अनुदानका कार्यक्रमहरु सञ्चालन सम्वन्धमा।
५. विविध।
   क. प्रशासकीय भवनको मुल ढोका सम्वन्धमा।
   ख. विजुली महशुल सम्वन्धमा।
   ग. बायोमेट्रिक डिभाईस सम्वन्धमा।
   घ. गरिवी निवारण मन्त्रालयको कार्यक्रम सम्वन्धमा।
   ङ. एकिकृत सेवा घरदैलो सेवा सञ्चालन सम्वन्धमा।
   च. अनधिकृत रुपले करेण्ट लगाई माछा मार्ने कार्यमा कसुरदारलाई जरिवाना तोक्ने सम्वन्धमा।

..............................
(सन्देश मास्के)
प्रमुख प्रशासकीय अधिकृत

नोटः....................................................................................................................................................................
..........................................................................................................................................................................
...........................................................

CamScanner

**राक्सिराङ्ग गाउँपालिका**

**गाउँ कार्यपालिका,चैनपुर, मकवानपुर**

**बैठक संख्या : ८/२०८२/०८३**

मिति : २०८२/११/२९ गते आईतबार

समय : बिहान ११:०० बजे

**निर्णय नं. १:**

गत बैठकहरुबाट भएं गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं. २:**

चालु आर्थिक वर्षको २०८२।०८३ को लागि स्वीकृत कार्यक्रम तथा बजेट अनुसार गाउँपालिकाको हालसम्मको आय व्यय विवरण निम्नानुसार रहेको छ।

क्षेत्रगत बजेट तथा खर्च

अवधीः २०८२/०४/०१- २०८२/११/२८

| आ.व. २०८२/०८३ | | | | |
|---|---|---|---|---|
| सि.न. | क्षेत्रउप/ क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | आर्थिक विकास | ३,५०,८५,००० | २९,१९,९२९.०० | ७.५८ |
| २ | सामाजिक विकास | २४,८७,३७,८१७ | १०,६०,९०,०५५.१४ | ४२.७५ |
| ३ | पूर्वाधार विकास | १८,७७,७७,००० | ४,४५,७५,१९७.५० | २३.६४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७३,०६,००० | ४१,०९,०१०.०० | ५२.९८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,६३,२५,४७२ | ५,८१,१७,३५२.८९ | ३८.१९ |
| कुल जम्मा | | ६३,५२,३१,२८९ | २१,५८,११,५४४.५३ | ३३.९७ |

आय व्ययको विवरण

अवधीः २०८२/०४/०१- २०८२/११/२८

| आ.व. २०८२/०८३ | | | | |
|---|---|---|---|---|
| सिन. | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
| १ | संघीय सरकार | ३३,२९,००,०००.०० | १८,११,७५,७५०.०० | ५४.४२ |
| २ | प्रदेश सरकार | ६,७३,२४,०००.०० | ३,३३,४३,५००.०० | ४९.५३ |
| ३ | राजस्व बाडफाड | १८,००,७७,२८९.०० | ८,४६,३९,५०४.०४ | ४७ |
| ४ | अन्तरिक श्रोत | ५,४९,३०,०००.०० | ८३,०४,२१३.३३ | १५.१२ |
| ५ | जनसहभागिता | ० | ० | |
| जम्मा | | ६३,५२,३१,२८९.०० | ३०,७४,६२,९६७.३७ | ४८.४ |

| सिन. | शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
|---|---|---|---|---|
| १ | चालु | ४१,६०,४४,४७२.०० | १६,७५,००,१४७.०३ | ४०.२६ |
| २ | पूंजीगत | २१,९१,८६,८१७.०० | ४,८३,११,३९७.५० | २२.०४ |
| जम्मा | | ६३,५२,३१,२८९.०० | २१,५८,११,५४४.५३ | ३३.९७ |

उपरोक्तानुसारको आय व्यय विवरण अनुमोदन गर्दै गाउँपालिकाको समग्र भौतिक तथा वित्तीय प्रगतिलाई अझै तीव्रत्तर रुपमा अगाडी बढाउन गाउँ कार्यपालिका कार्यालय र मातहतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र सम्पूर्ण सरोकारवालाहरुलाई आग्रह गर्ने।

CS CamScanner

निर्णय नं. ३:

राक्सिराङ्ग गाउँपालिकामा हुन सक्ने विपद तथा प्रकोपजन्य घटनाको प्रतिकार्य, राहत वितरण, पुनर्लाभ र विपद प्रभावितको जीविकोपार्जन र पूनर्स्थापनाको लगि दिईने सबै प्रकारका कार्यहरुलाई एकिकृत प्रणालीमार्फत छिटो, छरितो र व्यवस्थित तथा प्रभावकारी रुपमा राहत उपलब्ध गराउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम *राक्सिराङ्ग गाउँपालिकाको विपद् व्यवस्थापन कार्यविधि, २०८२* स्वीकृत गर्ने।

निर्णय नं. ४:

गाउँपालिकाको लागि चालु आर्थिक वर्ष २०८२।०८३ को लागि स्वीकृत कार्यक्रम तथा वजेट अनुसार शिक्षातर्फ विनियोजित देहायका कार्यक्रमहरु देहायबमोजिम सञ्चालन गर्ने।

क. राक्सिराङ्ग गाउँपालिका अन्तर्गत सञ्चालित तपसिलका सामुदायिक विद्यालयहरुलाई आ.व. २०८२/०८३ संघीय विशेष अनुदान अन्तर्गत सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, समाग्री तथा क्षमता विकास कार्यक्रममा विनियोजि बजेटबाट तपसिलका सामग्रीहरु दिने भनि विद्यालय छनौट गरियो।

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | सामग्रीको नाम | कैफियत |
|---|---|---|---|
| १ | श्री प्रा.वि. राक्सिराङ्ग-७, चरीमारा, काँकडा | ल्यापटप | |
| २ | श्री नवजीवन प्रा.वि. राक्सिराङ्ग-५, ताङराङ | ल्यापटप | |
| ३ | श्री जनप्रिय प्रा.वि. राक्सिराङ्ग-३, मैनटार | ल्यापटप | |
| ४ | श्री आधारभूत विद्यालय राक्सिराङ्ग-९, सिमलटार, खैराङ | ल्यापटप | |
| ५ | श्री महाकाली आ.वि. राक्सिराङ्ग-९, मकवानपुर | ल्यापटप | |
| ६ | श्री टिकेढुङ्गा प्रा.वि. राक्सिराङ्ग-७, काम्ले, मकवानपुर | ल्यापटप | |
| ७ | श्री ठुलो भावर आ.वि. राक्सिराङ्ग-१, ठूलो भावर | ल्यापटप | |
| ८ | श्री लोकप्रिय प्रा.वि. राक्सिराङ्ग-५, जुर्लीङ्ग, मकवानपुर | ल्यापटप | |
| ९ | श्री आ.वि. राक्सिराङ्ग-३, केराबारी, दमार, मकवानपुर | ल्यापटप | |
| १० | श्री बाल जागृति प्रा.वि. राक्सिराङ्ग-१, सरिखेत, सानोभावर | ल्यापटप | |
| ११ | श्री धिराङ् आधारभूत विद्यालय राक्सिराङ्ग-७ | प्रिन्टर | |
| १२ | श्री राष्ट्रिय माध्यमिक विद्यालय राक्सिराङ्ग-६ | प्रिन्टर | |
| १३ | श्री बागेश्वरी आधारभूत विद्यालय राक्सिराङ्ग-९ | प्रिन्टर | |
| १४ | श्री जनसेवा प्राथमिक विद्यालय राक्सिराङ्ग-६ | प्रिन्टर | |
| १५ | श्री ठुलो भावर आ.वि. राक्सिराङ्ग-१, ठूलो भावर | प्रिन्टर | |
| १६ | श्री सातकन्या प्राथमिक विद्यालय गर्लिङ्ग राक्सिराङ्ग-७ | प्रिन्टर | |

CamScanner

ख. राक्सिराङ्ग गाउँपालिका आ.व. २०८२/०८३ संघीय विशेष अनुदान अन्तर्गत पुस्तकालयको स्थापना शिर्षकमा विनियोजित ६,००,०००। अक्षरेपी रुपैयाँ छ लाख बराबरको पुस्तकालय स्थापनाका लागि श्री राष्ट्रिय माध्यमिक विद्यालय राक्सिराङ्ग-६ सिलिङ्गेलाई छनौट गर्ने।

ग. आर्थिक वर्ष २०८२/०८३ नीति, कार्यक्रम तथा बजेट शिक्षा अन्तर्गत प्रधानाध्यापक प्रोत्साहन कार्यक्रम अन्तर्गत पालिका स्तरीय प्र.अ. बैठक तथा गोष्ठीमा सहभागी यातायात र मासिक सञ्चार खर्च शिर्षक अन्तर्गत प्रति बैठक यातायात खर्च बापत रु ५००। तथा सञ्चार खर्च मासिक माध्यमिक तहका लागि रु.५००। आधारभूत तह कक्षा (१-८) रु.३००। र आधारभूत तह (प्रा.वि.) रु.२००। सम्बन्धित प्रधानाध्यापकलाई प्रदान गर्ने।

निर्णय नं. ६: विविध

क. गाउँपालिकाको प्रशासनिक भवनको आँखिझ्याल सहितको मुलढोका र गजुर खरिद कार्यको लागि स्वीकृत कोटेशनबमोजिमको रकम रु ६,०९,२४८ (छ लाख नौ हजार दुई सय अठचालीस) सम्वन्धित सप्लायर्सको नाममा चालु आ व को लागि प्रशासकीय भवन निर्माण शीर्षकमा विनियोजित रकमबाट भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ख. गाउँपालिका र अन्तर्गतका वडा कार्यालय एवम स्वास्थ्य संस्थाहरुको विद्युत महशुल भुक्तानी सम्बन्धमा विलम्ब नगरी कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फको पानी तथा विजुली महशुल शीर्षकबाट यथाशिघ्र बक्यौता रकम भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ग. गाउँपालिकाभित्रका सामाजिक सुरक्षा लाभग्राहिहरुको विवरण बायोमेट्रिक भेरिफिकेशन गर्ने क्रममा औंठाछाप मात्र पहिचान गर्ने यन्त्र प्रयोग गर्दा गाउँघरमा बसोबास गर्ने लाभग्राहीहरुको हस्तरेखा मेटिएको आदी कारणले रुजु कार्य प्रभावित भएकोले राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट मान्यता प्राप्त आँखा पहिचान गर्न सक्ने यन्त्र IRIS Device २ थान मेशिनरी तथा औजार शीर्षकबाट खरिद प्रकृया अगाडि बढाउन गाउँ कार्यपालिकालाई निर्देशन दिने।

घ. राक्सिराङ्ग गाउँपालिका र श्री सहकारी तथा गरिवी निवारण मन्त्रालय, बागमती प्रदेशको स्वीकृत बजेट बमोजिम यस गाउँपालिकामार्फत सञ्चालन हुने गरीवी निवारणको लागि चेपाङ्ग, दलित र वञ्चितिकरणमा परेका समुदायको आयआर्जन तथा जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत सिपमुलक तालिम तथा उद्यमशिलता विकाससम्वन्धी कार्यक्रम सञ्चालन गर्नको लागि राक्सिराङ्ग गाउँपालिकामा गरिवीको रेखामुनी रहेको जनसंख्या, नेपाल सरकारको वञ्चितिकरण सुचकाङ्कमा कमी र चेपाङ्ग समुदायको जनघनत्व सबैभन्दा बढि भएको ७ नं वडा छनौट गर्ने।

ङ. सेवा पाउने सबैको अधिकार, घरघरमा स्थानीय सरकार नाराको साथ एकिकृत घरदैलो सेवा शिविर आगामी चैत्र महिनामा साविकको चार गाविसहरु समेटिने गरी चार स्थानमा सञ्चालन गर्ने।

CamScanner

उपरोक्तानुसार निर्णयहरु सर्वसम्मतीले स्वीकृत गर्ने

| | | | |
|---|---|---|---|
| (सुजता दमाई) कार्यपालिका सदस्य | (सजिना मुक्तान नेपाली) कार्यपालिका सदस्य | (शुशिला सुनार) कार्यपालिका सदस्य | (शान्ता कुमारी अर्याल) कार्यपालिका सदस्य |
| (सिङ्गलाल प्रजा) कार्यपालिका सदस्य | (चन्द्रमान प्रजा) कार्यपालिका सदस्य | (बाबी राम मुक्तान) वडा अध्यक्ष | (बुद्ध राम मुक्तान) वडा अध्यक्ष |
| (उत्तम वाइवा) वडा अध्यक्ष | (संजय कोइराला) वडा अध्यक्ष | (हरि बहादुर प्रजा) वडा अध्यक्ष | (अकल बहादुर मोक्तान) वडा अध्यक्ष |

| | | |
|---|---|---|
| (राम बहादुर प्रजा) वडा अध्यक्ष | (युसाई प्रजा) वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ) वडा अध्यक्ष |

| | |
|---|---|
| (बनस्तम थिङ) उपाध्यक्ष | (राजकुमार मल्ल) अध्यक्ष |